परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

वर्ष १२ | अंक ३५ | २०८१ वैशाख २ गते आईतवार | Sunday 14, APR 2024 | पृष्ठ: ६, | मूल्य रु. १०/-

## कृषकहरू मकै खेती तर्फ आकर्षित

उषा सरदार

विराटनगर । विगतको समयमा मोरंगका कृषकहरु जुट र गहुँ उत्पादन गर्दै आएकोमा हाल मकै खेतीतर्फ आकर्षित हुँदै गएको छ ।

मोरङका कृषकहरुले झण्डै ६० प्रतिशत कृषि योग्य क्षेत्रफलमा किसानहरुले मकैखेती गरेका छन् । जुन अघिल्लो वर्षको भन्दा यस वर्ष ३० प्रतिशत बढी भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । अघिलो वर्ष भन्दा यस वर्ष मकै राम्रो फल्ने कृषकहरुको अनुमान छ ।



मकैखेति गर्ने कृषाकलाई कृषि ज्ञान केन्द्रले प्रोत्सानस्वरुप प्रतिकट्ठा ५ सय रुपैयाँ उपलब्ध गराउँदै आएको छ । १० कट्ठा भन्दा बढी मकैखेती गर्ने कृषकलाई मागको आधारमा उक्त रकम उपलब्ध गराउने गरिएको छ ।

लाखौं रुपैयाँ लगानी गरेर मोरङका अधिकांश किसानहरु मकै खेती गरेका छन् । ग्रामीण क्षेत्रका किसानहरु घाम, पानी केहिको प्रवाहने नगरी अहोरात खेतमा काम गर्छन् । तर उनीहरुले गरेको मेहनत अनुसारको मुल्य भने अझै पाउन सकेका छैनन् । उत्पादित मकैको बजारीकरण र उचित मुल्यको निरधारण लगायत बाली बिमा सरकारले गर्नु पर्ने कृषकहरुको माग रहेका छन् ।

मकैखेति गर्न प्रति विघा ५० हजारदेखि ६० हजार रुपैयाँ सम्म खर्च हुन्छ । सरकारले किसानको जीव नस्तर माथि उठाउने कुनै पनि नीति अघि सार्न नसकेको किसानहरु

वांकी अन्तिम पेजमा...

## कोशी प्रदेशको अधिवेशन ६ गतेको लागि आह्वान

विराटनगर । कोशी प्रदेशका प्रमुख पर्शुराम खापुङले वैशाख ६ गतेको लागि कोशी प्रदेशको अधिवेशन आह्वान गरेका छन् ।

केदार कार्की नेतृत्वको सरकारलाई दिएको समर्थन सोमवार फिर्ता लिएको नेकपा एमाले र माओवादी केन्द्रका ५२ सांसदले मुख्यमन्त्री र सरकारलाई निर्देशन दिनुपर्ने भएकाले अधिवेशन मागसहित निवेदन दिएकोले अधिवेशनको आह्वान गरेको हो ।

सोही दिन मुख्यमन्त्री केदार कार्कीले मन्त्रीपरिषद्को निर्णय अनुसार ११ जेठ २०८१ संसदको नियमित अधिवेशन आह्वानका लागि निवेदन दिएको थियो ।

प्रदेश प्रमुख खापुङले दुई दिन लगाएर कानुनी परामर्श गरेपछि २०८१ बैशाख ६ गते दिउँसो १ बजे प्रदेशसभाको अधिवेशन आह्वान गरेका छन् । प्रदेश प्रमुख खापुङले नेपालको संविधानको धारा १८३ को उपधारा ३ अनुसार अधिवेशन आह्वान गरेको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता नरेन्द्रकुमार श्रेष्ठले जानकारी गराएका थिए ।

'कोशी प्रदेश सरकारका माननीय मुख्यमन्त्री र प्रदेश सरकारका बिभिन्न पदाधिकारी लाई संकल्प प्रस्ताव मार्फत आवश्यक निर्देशन दिन तथा अन्य प्रदेश सरकारी अंग तथा निकायलाई समेत निर्देशन वा सन्देश दिन तत्काल प्रदेश सभाको अधिवेशन वा बैठक बोलाउन अत्यन्त आवश्यक देखिएको हुँदा माननीयबाट नेपालको संविधानको धारा १८३ को उपधारा ३ बमोजिम यथा सिध्र प्रदेश सभाको अधिवेशन वा बैठक बस्ने मिति र समय तोकी पाउन वाञ्छनिय हुने भएकोले एमाले र माओवादी केन्द्रका प्रदेश सांसदहरुले हस्ताक्षर सहितको निवेदनमा अधिवेशनको माग गरिएको थियो ।

## सरुवा माग्दा महिला शिक्षकलाई 'यौन प्रस्ताव'!

विराटनगर । मोरङ कानपोखरी गाउँपालिका शिक्षा शाखा अधिकृत बेगबहादुर काफ्लेले एक महिला शिक्षिका लाई सरुवा मिलाउन यौन प्रस्ताव गरेको भन्दै नेपाल शिक्षक महासंघले खेद व्यक्त गरेको छ ।

नेपाल शिक्षक महासंघ जिल्ला समिति मोरङका अध्यक्ष कुमार पोखरेल र सचिव प्रेमप्रकाश कोइरालाले एक विज्ञप्ति प्रकाशित गर्दै काफ्लेलाई कानून बमोजिम कारवाही गर्न कानेपोखरी गाउँपालिका तथा अन्य सम्बन्धीत निकायमा ध्यानाकर्षण पनि गराएको छ ।

'मोरङ जिल्ला कानेपोखरी गाउँपालिका का शिक्षा अधिकृत बेग बहादुर काफ्लेले शिक्षकले जिल्लान्तर सरुवाको सन्दर्भमा एक महिला शिक्षकसँग शारीरिक सम्बन्धको प्रस्ताव राखेको विषय उल्लेख भएको सामाजिक सञ्जाल म्यासेन्जर च्याटका स्क्रिनसटसहित सम्बन्धीत महिला शिक्षकबाट नेपाल शिक्षक महासंघ जिल्ला समिति मोरङमा प्राप्त भएको निवेदनमा उल्लेख भएको घटनाप्रति नेपाल शिक्षक महासंघ मोरङको गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तीमा भनिएको छ, 'पदीय मर्यादा, निजामति सेवाको आचरण र आचारसंहिता विपरित सरकारी कर्मचारीबाट भएको यस्तो निन्दनीय हर्कतप्रति खेद प्रकट गर्दछौं । सेवाग्राहीलाई निःस्वार्थ सेवा दिनुपर्ने कर्मचारीबाट भएको यस्तो व्यवहारको उचित छानविन गरी दोषी ठहरिए प्रचलित कानुन बमोजिम कारबाही गर्न कानेपोखरी गाउँपालिका तथा अन्य सम्बन्धीत निकायहरुमा ध्यानाकर्षण गराउँदै न्याय निरुपणका सन्दर्भमा नेपाल

वांकी अन्तिम पेजमा...




"बिरामी मैत्री अस्पताल"
आर्या न्यूरो हस्पिटल
कन्चनवारी विराटनगर-३
नव वर्ष
२०८१
को हार्दिक मंगलमय शुभकामना
डा. अर्चना चौधरी नेपाल (अध्यक्ष)
डा. पंकजराज नेपाल (प्रबंध निर्देशक)
दिनेश ठाकुर (निर्देशक)



## कृषकहरू...

गुनासो गर्दै आएका छन् ।

किसानले उत्पादन गरको मकै बजारमा प्रति क्यून्टल ४ हजारदेखि ४ हजार ५ सय सम्ममा बिक्रि हुन्छ । यसका लागि सरकारसँग बजार व्यवस्थापन र मूल्यमा एक रुपता गर्न कृषक कृषकहरुको माग रहेको छ ।

मोरंगको सुनवर्षी नगरपालिकाले कृषकहरुका २०७९/०८० देखि सिँचाई को लागि जडान गरिएको विद्युतको महशुल महसुल छुटगरेको नगरपालिकाका कृषि शाखा प्रमुख नरेश साहको भनाई छ ।

कृषि ज्ञान केन्द्रले मकैखेति विस्तार कार्यक्रम अर्न्तरगत किसानहरुलाई प्रोत्साहनका लागि प्रतिकट्ठा ५ सय रुपैयाँ कृषि ज्ञान केन्द्रले उपलब्ध गराएको ज्ञान केन्द्रका कार्यकारी प्रमुख रामदेव सिहंले जानकारी दिए

अहिले किसानहरुले हाईब्रेड जातको मकै लगाएका छन् । मकैको मुल्य क्यून्टलको ४ हजारदेखि ५ हजार सम्म मूल्य निरधारण गर्न पटक-पटक सरकारलाई कृषकहरुले आग्रह गर्दै आएको भएपनि सरकार मौन बसेको छ ।

## सरुवा...

शिक्षक महासंघ जिल्ला समिति मोरङ पीडितका पक्षमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।'

एक महिला शिक्षिकाले रोजेको ठाउँमा सरुवा मिलाउन यौनका साथै 'अर्को थोक' पनि मिलाउनु पर्ने उल्लेख गर्दै म्यासेज गरेका थिए । तीन वर्ष अगाडि उनले पठाएको म्यासेज अहिले सामाजिक सञ्जालमा भाइरल छ । कानेपोखरी गाउँपालिकाका शिक्षक महासंघका अध्यक्ष धर्मराज थापाले पीडित शिक्षक महिलाले आफूहरुलाई घटनाको विषयमा विस्तृत जानकारीसहित उजुरी दिएको बताए । उनको निवेदनको आधारमा आफूहरुले पालिका लाई जानकारी गराए पनि कानूनी कारवाही नभएको गुनासो गरे । हाम्रोमतबाट सभार

# नयाँ वर्ष २०८१ को सुरुवातसँगै स्वस्थ्य रहन यी २० संकल्प गरौं

हामी नयाँ वर्ष २०८१ सालमा प्रवेश गरेका छौं । नयाँ वर्षको सुरुवातसँगै नयाँ संकल्पहरु लिनुपर्दछ । स्वास्थ्य मानिसको लागि सबैभन्दा ठूलो धन हो । स्वस्थ रहन हामीले धेरै ठूलो मेहनत पनि गर्नु पर्दैन । स-साना पाइलाबाटै स्वस्थ रहने संकल्प गर्न सकिन्छ । नयाँ वर्षको सुरुवातसँगै स्वस्थ रहन विभिन्न विज्ञहरूले दिएको सुझावका आधारमा यहाँ केही यस्ता संकल्पहरू प्रस्तुत गरिएका छन्, जो वास्तवमै हामीले व्यवहारमा लागू गर्न सक्छौं अनि पूरा पनि :

१. बिहान छिटो उठ्ने

बिहान छिटो उठ्नु स्वास्थ्यका निम्ति फाइदाजनक छ । तर, धेरैजसोलाई बिहान उठ्न गाह्रो हुन्छ । विज्ञहरूका अनुसार सूर्योदय भन्दा अघि उठ्नु लाभदायक मानिन्छ । त्यसैले बिहान छिटो उठ्ने संकल्प गर्नु आवश्यक छ ।

२. दैनिक व्यायाम गर्ने

दैनिक कम्तीमा ३० मिनेटसम्म व्यायाम गर्न चिकित्सकहरू सुझाउँछन् । दैनिक गरिने व्यायामले शरीरलाई स्वस्थ राख्नुका साथै अनावश्यक तौल बढ्न दिँदैन । आफूलाई पायक पर्ने कुनै पनि किसिमको क्रियाकलाप गरी शरीरलाई सक्रिय राख्नुपर्दछ ।

३. स्वस्थकर खानपान गर्ने

स्वस्थ शरीरका लागि स्वस्थकर खानपान अति नै जरुरी छ । तयारी र प्रशोधित खानपानले विभिन्न रोगहरू निम्त्याउँछ । त्यसैले सधैं स्वस्थकर खापान गर्ने संकल्प हाम्रो लागि आवश्यक छ ।

४. समयमै सुत्ने

बिहान छिटो उठ्नु जति जरुरी छ, राति समयमै सुत्नु पनि उत्तिकै महत्वपूर्ण छ । कम्तीमा पनि ७/८ घण्टाको निन्द्रा पूरा गर्नुपर्दछ । ढिला सुत्ने बानीले शरीरमा विभिन्न रोगहरू निम्त्याउन सक्छ । त्यसैले राति समयमै सुतेमात्र बिहान पनि छिटो उठ्न सकिन्छ ।

५. मोबाइल लगायत डिजिटल उपकरणहरू कम चलाउने

मोबाइल लगायत विभिन्न डिजिटल उपकरणहरू अहिले हाम्रो लागि अत्यावश्यक बनिसकेको छ । यसको आफ्नै महत्व र फाइदाहरू छन् । यद्यपि, यी उपकरणहरूलाई आवश्यक मात्रामा मात्र चलाउन पनि उत्तिकै जरुरी छ ।

६. शारीरिकसँगै मानसिक स्वास्थ्यको ख्याल गर्ने

मानसिक स्वास्थ्य हाम्रो लागि महत्वपूर्ण विषय हो । शरीरमात्र स्वस्थ भएर हुँदैन । मानसिकरूपमा पनि स्वस्थ हुनुपर्दछ । धेरै तनाव लिने, अनावश्यक कुरा सोच्ने लगायत कुराले मानिसहरूलाई मानसिक स्वास्थ्य समस्या सिर्जना गर्दछ । त्यसैले शारीरिकसँगै मानसिक स्वास्थ्यको ख्याल गर्ने संकल्प गर्नुपर्छ ।

७. जे गर्छु निरन्तरता दिन्छु भन्ने अठोट गर्ने

हामी दैनिक विभिन्न योजना बनाउँछौं । कतिपय योजना पूरा हुन्छन् त कति अधुरै रहन्छ । सुरू गरेका कामलाई पनि हामी निरन्तरता दिन सकिरहेका हुँदैनौं । त्यसैले यस वर्ष जे गर्छु निरन्तरता दिन्छु भन्ने अठोटका साथ संकल्प गर्नुपर्दछ ।

८. धूम्रपान तथा मद्यपान त्याग्ने

धूम्रपान तथा मद्यपान स्वास्थ्यका निम्ति हानिकारक चिज हुन् । तर पनि अधिकांश यसको अम्मली छन् । छोड्न चाहन्छन्, तर सकिरहेका हुँदैनन् । तर, प्रयास भने गर्न आवश्यक छ । धुमपान तथा मद्यपानले साना रोगदेखि प्राणघातक क्यान्सरसम्म गराउँछ । यो नयाँ वर्षमा चुरोट, रक्सी, सूर्तिजन्य पदार्थ आजैदेखि त्याग्छु भन्ने संकल्प गरौं ।

९. घुमफिर गर्ने

घुमफिर र रमाइलो गर्न जो कोहीलाई मन लाग्छ । घुमफिरले मानिसलाई ताजा बनाउँछ । खुसी बनाउँछ । तर, भागदौडको जीवनमा घुमफिरका लागि चाहेर पनि समय निकाल्न सक्दैनन् । त्यसैले समय समयमा घुमफिर गर्ने संकल्प गर्न आवश्यक छ ।

१०. प्रशस्त मात्रामा फलफूल तथा सागसब्जी खाने

फलफूल तथा सागसब्जी स्वास्थ्यका निम्ति अति नै आवश्यक छ । शरीरलाई चाहिने फाइबरदेखि विभिन्न भिटामिन जन्य तत्वहरू हामीले फलफूल तथा सागसब्जीबाट प्राप्त गर्न सक्छौं । खानामा बाहिरी कुराभन्दा पनि फलफूल तथा सागसब्जीको मात्रा बढाउनुपर्छ ।

११. अनिवार्य रूपमा मास्क लगाउने, साबुन पानीले हात धुने

कोभिड-१९ को महामारी पछि मास्क लगाउने, साबुन पानीले हात धुने व्यवहार अनिवार्यजस्तै बनेको छ । यो व्यवहारले कोरोनाबाट मात्र नभई विभिन्न सरुवा रोगहरूबाट समेत बचाउँछ । त्यसैले अनिवार्यरूपमा मास्क लगाउने र साबुन पानीले हात धुने बानीलाई सधैं निरन्तरता दिनुपर्छ ।

१२. असुरक्षित यौनसम्पर्क नगर्ने

असुरक्षित यौनसम्पर्क विभिन्न रोगको कारक हुन् । एचआईभी एड्सलगायत विभिन्न रोगहरू असुरक्षित यौनसम्पर्कका कारण सर्ने गर्दछ । त्यसैले यौनसम्पर्कलाई सुरक्षित बनाउने संकल्प गर्नुपर्दछ ।

१३. तनाव व्यवस्थापनका लागि योग तथा मेडिटेसन गर्ने

तनाव व्यवस्थापनका लागि अहिले मेडिटेसन अर्थात् ध्यान उपयुक्त हुने विज्ञहरू बताउँछन् । योग तथा मेडिटेसनले शरीरलाई स्वस्थमात्र बनाउँदैन, तनाव व्यवस्थापनमा पनि ठूलो भूमिका खेल्दछ । आफ्नो लागि थोरै समय निकालेर भएपनि तनाव व्यवस्थापनका लागि योग तथा मेडिटेसन गर्नुपर्दछ ।

१४. नियमितरूपमा आवश्यक स्वास्थ्य परीक्षण गर्ने

कुनै रोग लागेपछि मात्र अस्पताल धाउने अधिकांशको बानी छ । तर, नियमितरूपमा आवश्यक स्वास्थ्य परीक्षण गरे भविष्यमा लाग्ने रोगबाट बच्न सकिन्छ । त्यसैले समय-समयमा स्वास्थ्य परीक्षण गर्ने संकल्प गर्नुपर्छ ।

१५. तौल नियन्त्रण गर्ने

स्वस्थकर जीवनशैली र खानपानका कारण शरीरको तौल बढ्ने समस्या अहिले धेरैको छ । विभिन्न रोगको कारकको रूपमा मोटोपनलाई लिन सकिन्छ । त्यसैले नियमित व्यायाम गर्छु, स्वस्थकर खानपान गर्छु र शरीरको तौल नियन्त्रण गर्छु भन्ने संकल्प आजैदेखि गरौं ।

१६. छालाको स्याहार गर्ने

छालाको स्याहार अर्को महत्वपूर्ण विषय हो।हामी बाहिरी सुन्दरतालाई मात्र ध्यान दिने गर्छौं। तर, छालाको हेरविचारमा त्यति ध्यान दिँदैनौ ।आफूखुसी विभिन्न कस्मेटिक उत्पादनहरू प्रयोग गर्छौं । प्रशस्त मात्रामा पानी पिउँदैनौ । जसका कारण छालामा विभिन्न समयस्या देखिन्छ । त्यसैले छालाको स्याहारमा ध्यान दिनुपर्छ ।

१७. रक्तदान गर्ने

रक्तदान जीवनदान हो । तर, हामी रक्तदान गर्न अझै पनि हिचकिचाहट गर्दछौं । आफ्नो स्वास्थ्य अवस्थाअनुसार रक्तदान गर्ने संकल्प गर्नु पनि आवश्यक छ ।

१८. बोसोयुक्त, चिल्लो खानेकुरा तथा प्रशोधित खानेकुरा नखाने

यी खोनकुराले जिब्रोलाई अवश्य नै लोभाउँछ । तर,स्वास्थ्यका निम्ति भने निकै हानिकारक हो ।बोसोयुक्त, चिल्लो अनि प्रशोधित खानेकुराले शरीरमा रोग बढाउनेमात्र काम गर्दछ।त्यसैले यस्ता खानेकुरा सकेसम्म त्याग्ने नसके कम गर्ने संकल्प गर्नुपर्छ ।

१९. प्रशस्त मात्रामा पानी पिउने

पानी शरीरका लागि नभई नहुने कुरा हो । दिनमा कम्तीमा पनि आठ गिलास पानी पिउन चिकित्सक सुझाउँछन् । प्रशस्त मात्रामा पानी पिएमात्र शरीरलाई स्वस्थ राख्न सकिन्छ । पानीको अभावमा मिर्गौला, मुटुदेखि पूरा शरीरमै असर पुग्छ ।

२०. गुलियो खानेकुरा कम खाने

गुलियो खानेकुरा धेरैको रोजाइमा पर्छ।स्वादमा गुलियो मिठो लागे पनि स्वास्थ्यका निम्ति ठीक छैन । गुलियो खानेकुराले मधुमेह रोग लाग्नुका साथै शरीरमा अनावश्यक तौल बढाउँछ।त्यसैले बाहिरी प्रशोधित गुलियोभन्दा पनि प्राकृतिकरूपमा उपलब्ध गुलियो खानेकुरा खानुपर्छ । स्वास्थ्य खबरबाट

लोकतन्त्रको उपलब्धीको रक्षा गरौं

- विधिको शासन,
- नागरिक स्वतन्त्रताको संरक्षण,
- सूचनाको हक,
- संवैधानिक सरकार,
- आवधिक निर्वाचन,
- सकावेशी सहभागीताको सुनिश्चितता,
- बालिग मताधिकार,
- अभिव्यक्ति स्वतन्त्रता,
- न्यायिक स्वतन्त्रता,

लोकतन्त्रका यी विशेषतालाई सबैले अवलम्बन गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विराट आँखा अस्पताल
परिवार रोडशेष चौक विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसररमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राकेश सुराना (अध्यक्ष)
उद्योग संगठन मोरंग परिवार

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# नयाँ वर्षमा नयाँ संकल्प गरौं

हामी बैशाख १ गतेलाई नयाँ वर्षको रुपमा मनाउने गर्दछौं । जस अनुसार २०८० साल विभिन्न उतार चढाउका साथ चैत ३० सम्पन्न भएको छ । हाम्रो मुलुकमा नयाँ वर्षको आगमन अनिवार्य रुपमा नै नयाँ संकल्पहरुका लागि एक उत्साह पूर्ण समय मानिन्छ । नयाँ वर्षले नयाँ आरम्भ, नयाँ सम्भावनाहरु तथा नयाँ उदेश्यहरुको परिकल्पना गरि सम्मान गर्दछ । यो  अवस्था सम्वेदनशीलता, प्रतिवद्धता र सजीव उत्साहको अभिव्यक्ति पनि हो । नयाँ वर्षको  अवसरले मानिसहरुलाई आफ्नो जीवनमा सुधार गर्ने, नयाँ लक्ष्यहरु साधने र आफ्नो सपनाहरु पुरा गर्ने उत्साह प्रदान गर्दछ ।

मानिसको सबभन्दा ठूलो धन उसको स्वास्थ्य हो । त्यसैले सबभन्दा पहिले स्वास्थ रहन केही सकल्पहरु गर्न जरुरी छ । जस्तै बिहान छिटो उठ्ने, दैनिक व्यायाम गर्ने, स्वस्थकर खानपान गर्ने, समयमै सुत्ने, मोबाइल लगायत डिजिटल उपकरणहरू कम चलाउने, शारीरिकसँगै मानसिक स्वास्थ्यको ख्याल गर्ने, धूम्रपान तथा मद्यपान त्याग्न, घुमफिर गर्ने, प्रशस्त मात्रामा फलफूल तथा सागसब्जी खाने, असुरक्षित यौनसम्पर्क नगर्ने, तनाव व्यवस्थापनका लागि योग तथा मेडिटेसन गर्ने, नियमितरूपमा आवश्यक स्वास्थ्य परीक्षण गर्ने, तौल नियन्त्रण गर्ने, छालाको स्याहार गर्ने, रक्तदान गर्ने, बोसोयुक्त, चिल्लो खानेकुरा तथा प्रशोधित खानेकुरा नखाने, प्रशस्त मात्रामा पानी पिउने, गुलियो खानेकुरा कम खाने लगायतको संकल्प गरौं ।

त्यसैगरी समाज विकासको लागि राजनीतिक वातावरण पनि सहज हुन जरुरी छ । २०८० सालमा कोशी प्रदेशको राजनीतिक अवस्था त्यती राम्रो देखिएन जसको कारण प्रदेशको विकास पछाडी परेको  छ । कोशी प्रदेशसभा सदस्यहरुले २०८१ सालको लागि नयाँ संकल्प गरी एक अर्कोसँग मिलेर प्रदेशको विकासमा लाग्ने वाचा गरी अगाडी वढ्न सामूहिक संकल्प गर्न जरुरी छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा  प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुर्‍याएर काम गर्नुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा  सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ । भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# आधुनिक विश्व नियालिरहेको नयाँ पुस्ता

**डा. ध्रुव बी. खड्का**

**नयाँ पुस्ताले विगतका शासकले देश विकासमा गरेका गल्तीबाट पाठ सिक्दै विश्व विकासको वेगलाई पक्रिएर देशको नेतृत्वको लगाम पक्रिनुपर्ने हो तर मौजुदा नयाँ पुस्ता कलुषित राजनीतिक प्रवृत्तिको फेरो समातेर पितृ नेताहरूसँगै सत्ता वरिपरि ताते गरिरहेको छ ।**

नेपालको पछिल्लो पुस्ता जुनसुकै पारिवारिक पृष्ठभूमिको किन नहोस् मुख्यत: आर्थिक सुनिश्चितताको लागि देश बाहिर भरपर्दो ओत खोजिरहेको छ। आजका दिनमा प्राकृतिक स्रोत साधनको सदुपयोगले गल्फिएको नयाँ आर्थिक कल्पवृक्ष नेपाली समाजको ठूलो तप्काको जीवन धान्ने बाफिलो आर्थिक छहारी भएको छ । कसैलाई विज्ञान-प्रविधिको विकासको मलजलले मजबुत जरा सहित झाँगिएको बहुआयामिक कल्पवृक्षले भरपर्दो आर्थिक ओत तथा समाउने हाँगो दिएको छ । नेपाली समाजको सदियौंदेखिको लाहुरे विरासत विश्वव्यापी हुँदै गइरहेको अवस्था आजको तितो यथार्थ हो ।

कोही युवाहरू औजारविहीन हात र खाली खुट्टामा मरुभूमिको तातो हावा लिँदै आर्थिक शितलता खोज्दैछौं त कोही नेपालमा बोलिने १३१ थरीका राष्ट्रिय भाषाहरूलाई इतिहासमा थन्काउँदै विश्व साम्राज्य बनाएको अंग्रेजी भाषाका अलावा आफ्नै भूमिमा आर्थिक साम्राज्यको इमारत खडा गरेका देशहरूका हान्गुल, निहोन, हिब्रु, मान्डरिन जस्ता अनेकौं भाषाहरूमा श्रमका गीतको सुगारटान गर्न विवश छौं । यही विवशतालाई पछ्याउँदै, सन् २०२१ को तथ्यांक अनुसार २ करोड ९० लाख जनसङ्ख्यामा लगभग ८ प्रतिशत नेपाली देश बाहिर छन् ।

त्यसो त विश्वव्यापी करणसँगै आप्रवासको माहोल नेपालमा मात्र होइन विश्वमा नै बढिरहेको छ। विश्व आप्रवासको रिपोर्ट अनुसार नेपालको कुल जनसंख्याको १० गुणा बढी लगभग ३० करोड मानिसहरू आप्रवासमा छन् । जुन विश्व जनसंख्याको लगभग ४ प्रतिशत हो ।

आजका दिनमा विप्रेषण अर्थतन्त्रमा, ठूलो विप्रेषणको स्रोत शीर्ष तीन देशमा युएसए, युएई र साउदी अरब हुन् भने एशियाका ठूलो ढुकुटी भएका भारत र चीन उच्च विप्रेषण भित्र्याउनेमा पर्छन् । नेपालको सन्दर्भमा भने जीडीपीको लगभग २५ प्रतिशत विप्रेषणले धानेको छ । जुन विश्वको सातौं उच्च निर्भरता हो । हरेक वर्ष लाखको सङ्ख्यामा विद्यार्थी भिसामा जानेहरूको नयाँ उभारले देशको श्रम मात्र होइन शिक्षा क्षेत्रलाई पनि चुनौती थपिदिएको छ ।

विप्रेषणले तत्कालको लागि देशको भकारीमा अन्न थपिएर अनिकाल टरे तापनि हामीले आफ्नो भूमिमा रोप्नुपर्ने बालीको बीउहरू बेचेर पाउरोटी खाइरहेका छौं । यो परनिर्भरताले देशको आफ्नै आर्थिक जग निर्माणमा कमजोर भएको छ। जीवन दैनिकीकै लागि हामीले विदेशिनुपर्ने स्थिति दशकौं देखि चलिरहनु देशका शासकको नालायकी नै हो ।

प्राकृतिक तथा मानव स्रोत-साधनको प्रचुरताको बाबजुद सदियौंदेखिको मलिलो भूमिमा हामीले किन बहुआयामिक कल्पवृक्षहरू उमार्न र हुर्काउन सकेनौं ? यो यक्ष प्रश्नको उत्तर २०१७ देखि २०६२ सालसम्म लोकतन्त्रको लागि लडेको पुरानो पुस्ताले मात्र होइन, २०६२/६३ को पूर्ण लोकतन्त्र पछि हुर्किएको पुस्ताले पनि दिनुपर्ने समय आइसकेको छ । नयाँ पुस्ताले विगतका शासकले देश विकासमा गरेका गल्ती बाट पाठ सिक्दै विश्व विकासको वेगलाई पक्रिएर देशको नेतृत्वको लगाम पक्रिनुपर्ने हो तर मौजुदा नयाँ पुस्ता कलुषित राजनीतिक प्रवृतिको फेरो समातेर पितृ नेताहरूसँगै सत्ता वरिपरि ताते गरिरहेको छ ।

विश्व विकास प्रवाहमा नेपाल कहाँ चुक्यो ?

इतिहासमा सयौं कोणका फेहरिस्तहरू छन् । पृथ्वी नारायण शाहले सन् १७४३ तिर २० वर्षको उमेरमा सत्ता सम्हाले। २८० वर्षअघि विश्व साम्राज्यवाद को माहोल बुझेर राज्य एकीकरणको महाभियान चलाए । आधुनिक नेपालको एकीकृत भूगोल स्थापनाको दूरदर्शी चेतले विश्व साम्राज्य वादको पञ्जाबाट तत्कालीन शासकले देशको मानचित्र सुरक्षित गर्ने चुनौतीपूर्ण काम गरे ।

तर त्यसयताका शासक हरू आधुनिक विकासको विश्व म्याराथुनमा देशलाई गतिशील बनाउन चुके । दरबार र भारदारको सत्ता द्वन्द्वको अल्झनबाट १०४ वर्षको राणाकालमा कालो सुरूङमा छिर्दा देश नजरबन्दमा पर्‍यो । विश्व राजनीतिले नागरिक स्वतन्त्रता र विकासको आधुनिक युगको रकेट यात्रा गरिरहँदा, एक शताब्दीको कालो कोठरीबाट भर्खरै मात्र निस्केर नागरिक नेतृत्वले बाहिरी विश्व नियाल्न नपाउँदै हाम्रो देश लगभग ६ दशक किस्ताबन्दी लोकतन्त्रको उल्झनमा पर्‍यो । पटक-पटक अवसरै अवसर पाउँदा पनि सदुपयोग गर्न नेतृत्व चुक्दा देश भीख माग्नेको स्थितिबाट माथि उठ्नै सकेन ।

नेपाल चुकेको पहिलो कालखण्ड हो राणाकाल। जुन कालखण्डमा पश्चिमी साम्राज्य वादको सिको र सहकार्य गर्दै सम्राट मैजी (सन् १८६८-१९१२) ४४ वर्ष नेतृत्व गरेर जापानलाई आधुनिक देश मात्र होइन विश्व शक्तिको रूपमा स्थापित गरेका थिए । त्यो बेला नेपालमा विश्वको सम्राट बेलायतसँग घनिष्ट सम्बन्ध भएका र सघन सहकार्य गरेका शक्तिशाली प्रधानमन्त्री जंगबहादुर राणाले सन् १८४६ देखि १८७७ सम्म ३१ वर्ष एकलौटी शासन गरेका थिए ।

अब त झन् सूचना-प्रविधिको साम्राज्यबाट देश मात्र होइन नागरिकको सोच माथि नै दूर नियन्त्रण स्थापित गर्ने मोडमा विश्व आइपुगेको छ। जहाँ हामी स्वत: सामेल र समाहित हुँदै आएका छौं । तर हाम्रो जमिन भने निकै फरक छ

जापानी राजाले समयको गतिलाई पक्रेर आर्थिक जग र भौगोलिक सीमाहरू बढाइ रहँदा नेपाली शासक भने एक सय वर्षको कालो समयमा देशको चारकिल्ला संरक्षण मात्रमा सीमित भए। आधुनिक विकासको स्वर्णिम समयको चेत भने मोजमस्तीमा बन्धकी राखे । सम्राट मैजीको आधुनिक जगमा खडा भएको एशियाको आर्थिक साम्राज्य यति बलियो बन्यो कि सन् १९४५ को विध्वंसकारी अमेरिकी एटम बमले बनाएको हजारौंको अग्नि चिहानबाट खरानी टकटक्याउँदै एकाध दशकमा विज्ञान-प्रविधिको अभूतपूर्व विकासको दरिलो जगमा विश्वव्यापी आर्थिक साम्राज्य स्थापित गर्‍यो ।

युद्धको चिहानबाट उदाए को अर्को देश कोरिया पनि नेपाली शासकको लागि प्रेरणा बन्न सकेन । आजको दिनमा लाखको संख्यामा नेपालीहरू को रोजीरोटीको गन्तव्य बनेको एशियाको अर्को समृद्ध देश दक्षिण कोरिया। यो देश तीस लाख मानिसको चिहान बनेको कोरिया युद्धको सन् १९५३ मा समाप्तिसँगै चरम आर्थिक संकट र राजनीतिक अस्थिरता को भुमरीमा फसिरहँदा नेपालमा २००७ सालको क्रान्तिपछि लोकतन्त्रको बहाली भइसकेको थियो ।

राजनीतिक खिचातानीका क्रममा कोरियाका तत्कालीन सेनाप्रमुख चुंग ही पार्कले सन् १९६१ मा सैन्य कु मार्फत देशको सत्ता हातमा लिएर १८ वर्ष शासन गर्दा आधुनिक कोरियाको दरिलो जग बसाल्दै आर्थिक उन्नतिको राजमार्ग बनाए । नेपालको इतिहासमा त्यो कालखण्डमा राजा महेन्द्रले राजनीतिक कु मार्फत स्थापित पञ्चायती शासन थियो । महेन्द्र स्वयंले १७ वर्ष ( सन् १९५५ देखि १९७२) सम्म प्रत्यक्ष शासन गरेका थिए ।

लगभग उही समयखण्ड मा उही प्रकृतिका कोरियन शासक चुंग ही पार्कले युद्धको चिहानले खण्डहर भएको देशमा यावत् चुनौतीलाई पन्छाउँदै समृद्धिको महल बनाउँदै गर्दा हाम्रा तत्कालीन शासकले तुलनात्मक रूपमा अनुकूल समयको सदुपयोग गर्दै आर्थिक उन्नतिका दह्रो र भरपर्दो जग गाड्न सकेनन् । राजा महेन्द्रले ठोस जग बसाउने प्रयास गरेका थिए तर उनको समृद्धिको ब्लुप्रिन्ट बोकेको गाडी बेथितिको भारले थिचिएर आधुनिक विकासको लोकमार्गमा गुड्नै सकेन ।

अर्को उल्लेखनीय तथ्य नेपालको पंचायतकालमै अर्को दृष्टान्त सिंगापुरले देखायो। महेन्द्रकालको सुरुवाती समय ( सन् १९५९) देखि सिंगापुरको सत्ता सम्हालेका ली क्वानले आफ्नो तीसवर्षे शासनकाल (सन् १९९०) अर्थात् हाम्रो पूरा पंचायत सत्ताको समयावधिमा खोरिया जस्तो भूगोलमा रणनीतिक चातुर्यका साथ आधुनिक सिंगापुरको निर्माण गर्न सफल भएका थिए ।

पहिलो विश्वले मंगल ग्रहमा पानी खोज्दै बस्ती बसाल्ने योजना बनाउँदैछ। हामी भने देशको राजधानीको पुरिएको नदी खोज्न र किनारको बस्ती/सडक व्यवस्थित गर्न सकिरहेका छैनौं ।

नेपालमा भने विश्व शीतयुद्धको फाइदा उठाउँदै आधुनिक विकासको जग बसाल्नुपर्ने त्यो स्वर्ण समय अपहरित लोकतन्त्रको प्राप्तिको आन्तरिक संघर्षमा बितायो । जहानियाँ शासनबाट खोसिएको राज्य सत्ता २००७ देखि २०४६ सालको समयमा आन्तरिक राजनीतिको कुवाभित्र लुकामारी गर्दै खेर गयो । २०४६ सालपछि पनि आन्तरिक राजनीति यति अस्थिर र विकृत भयो कि प्रजातन्त्र बहाली भएको एकाध वर्ष नबित्दै देश युद्धमा फस्यो ।

यही समयको सेरोफेरोमा हाम्रा नेताहरूले पछिल्लो समय दृष्टान्त दिने गरेको मलेसियाको विकासका सफल आर्किटेक्चर महाथिर मोहमदले २४ वर्ष नेतृत्व गरेर २०६० सालमा विकसित मलेशिया नयाँ पुस्तालाई हस्तान्तरण गरेका थिए। दुखद संयोग, मलेशियामा मेडिकल डाक्टरले देशको नेतृत्व गरेर आर्थिक निर्माण गरिरहँदा, नेपालका विख्यात विद्वान तथा पेशाले आर्किटेक्चर डा. बाबुराम भट्टराई लगायतको नेतृत्वले भूमिगत जनसरकार गठन गरी पूर्ण लोकतन्त्रको बिगुल फुक्दै विध्वंसको महाभियान चलाइ रहेको थियो ।

नेपाली नागरिकको दुर्भाग्य यस्तो भयो कि देशमा थरी-थरीको

वांकी ५ पेजमा...

# नेसेन्ट एजुकेशनको संचालक विद्यार्थीसंग मोटो रकम लिएर भारत अध्ययनको लागि पठाउँदै




वीरगंज। वीरगंज महानगर पालिका घण्टाघरको लिंकरोडमा अवस्थित नेसेन्ट एजुकेशन फाउन्डेसन प्राईभेट लिमिटेडले विद्यार्थीहरुलाई गुमराहमा राखी पारुल युनिभर्सिटी भारतमा पठाई विद्यार्थीहरुसँग मोटो रकम लुट्दै गरेको छ।

भारतको गुजरातमा रहेको पारुल युनिभर्सिटीको बारा, पर्सा, रौतहटको आधिकारिक भर्ना प्रतिनिधि भएका नेसेन्टका सञ्चालक शिक्षा माफिया रंजित पडितले विद्यार्थी र अभिभावक हरुलाई गुमराहमा राखी ठगी धन्दा गर्दै गरेको स्थानीयले आरोप लगाएका छन्।

शिक्षा माफियाको नामले चर्चा कमाएका नेसेन्टका सञ्चालक पडितले पारुलमा पठाएको विद्यार्थीसँग आन्तरिक रुपमा मोटो रकम असुल गरी रहेको स्रोतका दावी छ।

नेपाल सरकारको मापदण्ड विपरित नेसेन्ट एजुकेशन सञ्चालन गरेका पडितले पारुल युनिभर्सिटीमा वार्षिक करिब २५० विद्यार्थी पठाए पनि नेपाल सरकार लाई कम विद्यार्थी देखाई लाखौं लाख राजस्व समेत छली गरको छ। कैयौं अभिभावक र विद्यार्थीहरुलाई झुक्याई पडितले रकम ठगी गरेपनि सो विद्यार्थीहरुलाई कबोल गरेको युनिभर्सिटीमा नपठाई हैरान समेत गर्ने गरेको विद्याथीहरु ले गुनासो गरेका छन्।

पडितको ठगी कार्यमा सहयोग गर्दै आएका उनका केही सहयोगीहरु नक्कली सर्टिफिकेटको कारोबारमा संलग्न रहेको आंशका गरिएको छ। विद्यार्थीहरुलाई बाहिर पठाउने र उनीहरु दुर्भाग्यवस फेल भएमा नेसेन्टका सञ्चालक पडितको टिमले नक्कली सर्टिफिकेट बनाएर दिने गरेको छ।

भारतको पारुल युनि भर्सिटीमा पढाई र छात्रावासको खानामा झिंगा, किरा, मुसा भेटिएको र ठगिएका पिडित विद्यार्थीहरुले केही दिन अगाडि स्थानिय प्रहरी प्रशासनमा निवेदन दिएका थिए।

पारुल युनिभर्सिटीको व्यवस्थापन कमजोर रहेको कारण पढाई राम्रो नरहेको, छात्रावासका विद्यार्थीहरु गुटखा खानमा मस्त रहने गरेको र खानामा झिंगा, किरा र मुसा भेटिएकोले छ। पारुल युनिभर्सिटीको छात्रावासको खाना मानविय खाना नरहेको र व्यवस्थापन को कमजोरी को कारण छात्र-छात्रा बिग्रने गरेको कारण नेपालमा सो युनिभर्सिटीको प्रवेशमा रोक लगाउन शिक्षाविद्धहरुको भनाई रहेको छ।

नेसेन्टका सञ्चालक रंजित पडितसँग मोबाईल फोन गरी प्रतिक्रिया लिन खोज्दा सम्पर्क हुन सकेन। मापदण्ड बिपरित सञ्चालन मा रहेका नेसेन्ट एजुकेशनले ठगी धन्दा चलाउदै, नक्कली सर्टिफिकेट बनाउने गिरोह राखेको आरोप लागि रहेकोमा वीरगंज महानगर पालिका, स्थानिय प्रहरी प्रशासन लगायतका नियमन कारी निकाय मौन रहेकोले छ।

NO SMOKING

# चोरी-डाँका गरेको कसुरमा तीन जना महिलाहरु पक्राउ

विराटनगर। चोरी डाँका गरेको कसुरमा ३ जना महिलाहरुलाई प्रहरीले पक्राउ गरेका छन्।

महिलाहरुलाई विभिन्न दुई स्थानमा चोरी-डाँका गरेको अभियोगमा दशीका माल सामानहरु सहित आईतवार पक्राउ गरिएको थियो।

पक्राउ पर्नेमा ओखलढुंगा जिल्ला चिशंखुगढी गाउँपालिका वडा नं.४ चिसापानी खतिवडा टोल बस्ने बर्ष २४ की सुनिता सार्की, बर्ष २३ की कबिता परियार र बर्ष ५५ की मिठु परियार रहेकी छिन्।

चैत १२ गते जिल्ला ओखलढुंगा चिशंखुगढी गाउँपालिका वडा नं. ५ पाखे स्थित चिसापानी बस्ने दुर्गा बहादुर परियारको घर भित्र पसी घर भित्र रहेको दराजबाट नगद तथा सुनचाँदीका गरगहना समेत गरी जम्मा १ लाख ८ हजार ८ सय बराबरका धनमाल चोरी-डाँका गरेको आरोप लागेको छ।

त्यसैगरी चैत १६ गते जिल्ला ओखलढुंगा चिशंखुगढी गाउँपालिका वडा नं. ५ पाखे स्थित चिसापानी बस्ने कमल बहादुर राउतको घरको झ्याल हसियाले फुटाई घर भित्र प्रवेश गरी निजकी आमा वर्ष ७० की उमा कुमारी राउत सुति निदाएको अवस्थामा निजको घरकोठामा रहेको नगद तथा सुनचाँदीका गरगहना समेत गरी जम्मा ९ लाख ८१ हजार ५ सय बराबरको धनमाल चोरी-डाँका गरेको समेत आरोप लागेको छ।

पक्राउ परेको महिलाहरुको साथबाट तथा घरकोठा समेतबाट बरामद भएका दशीका सामानहरु: झ्याल फुटाउन प्रयोग भएको हसिया थान-१, सुनको बाला थान-१, सुनको तिलहरी थान-२, सुनको छापे औठी थान-१, कानमा लगाउने सुनको मुन्द्री थान-१, नाकमा लगाउने सुनको फुली थान-४, चाँदीको पाउँजु थान-१, चाँदीको छापे औठी थान-१, किप्याड मोवाईल थान-४, कलेजि रंगको उनीको टोपी थान-१, पैसा राख्ने गरेको फलामको पाईप थान २, नगद नेपाली ८ हजार ५ सय ६५ रुपियाँ तथा मह, खाने तेल, साबुन, जस्ता दैनिक उपभोग्यका सामानहरु समेत बरामद भएको प्रहरीले जनाएको छ।

सम्मानित ओखलढुंगा जिल्ला अदालत ओखलढुंगाबाट चैत २६ गते दिन ७ (सात) को म्याद थप भई हिरासतमा राखि कार्यालयबाट थप अनुसन्धान भई रहेको छ।

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सुरक्षा अस्पताल प्रा.लि. परिवार
विराटनगर, विरिन्च सभागृह अगाडी

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

संतोष बस्नेत (निर्माण व्यवसायी)
स्वामी नारायण निर्माण सेवा प्रा.लि.

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सगरमाथा उच्च माध्यमिक
विद्यालय परिवार

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

कोशी हेल्थ इन्सिटच्यूट
परिवार, विराटनगर

# मगही भाषामे सिरुवा पवनी के छोट परिचय

श्याम सुन्दर सुतिहार

सिरुवा या जुडशीतल पवनी नयां वरिस संगे यी भारत से सिमा जोडल नेपाल मे रहैवाला मधेशी समुदाय, थारु समुदाय आर राजवंशी समुदायके प्रमुख पवनी है आर भारतती समुदायके सेहो यी पवनी धुमधाम से मनावल जाय है। यी पवनी विशेष करके ३ दिन तक मनावल जाय है। यी पवनी के जुडशितल भी कहल जाय है।

यी पवनी के पहिलका दिन अर्थात वैशाख १ गते मनवैवाला पवनीके पानी सिरुवा कहल जाय है। पानी सिरुवा के दिन विहाने उइठके अपन से वड सवके वासी पैन पैरमे दक आशिर्वाद लय के चलन है वहिना वड सव अपन से छोटके माथामे वासी पैन दके आशिर्वा दैके सेहो चलन है। आर नयां वरिस मे उन्नती प्रगती करैके शुभकामना आदान-प्रदान सेहो करै है। वहिना वितलका वर्ष भैर के दु:ख कष्ट के विर्सर के नयां वरिसके शुरुवात संगे वर्ष भैर शरिर  ठण्डा आर शीत रहै के सेहो कामना करै हे।

वहिना नव वरिस के दोसरका दिन बैशाख २ गते मनवै वाला पवनी के कादो (हिलो) सिरुवा कहल जाय है। कादो सिरुवा के दिन अपन अपन साथी भाई साथी संगीनी सव मिलके एक दुसराके देह मे कादो लगाके मनावल जाय है। सिरुवा पवनी मनवै बाला अधिकतर किसान हुवै के कारण वर्ष भैर मे खेती करैमे भेल दु:ख, कष्ट, पीडा, थकान आर परेशानी मेटावके लेल कादो सिरुवा खेलल जाय है। एहिना करैके मुख्य कारण मैट के शरीर अन्नत : मैटे मे मिलै के कारण शरीर मे कोनो रोग व्याधी नै लागत जनविश्वास रहल हे।

नव वरिसके तेसरका दिन खेलैवला पवनीके रंग सिरुवा कहल जाय हे। रंग सिरुवामे साथीभाई आर साथी संगीनी से एक दोसरके देह मे रंग लगाके शुभकामना अदान प्रदान करल जाय है। रंग सिरुवामे भी वरिस भरके रिस, राग, द्धवेश के त्याग के मनमुटावके विसरके रंग खेलके हर्ष उल्ललास के साथ मनावल जाय है।

यी पवनीके नेपालके सन्दर्भ मे कहल जाय त नेपाल भरमे रहैवाला सव जाईत सव प्रत्येक बरिस के बैशाख महिना के एक गते नयां वरिस के रुपमे मनावय है। आर नयां वरिस के उपलक्ष्यमे साथी भाई संग संगीनी मिलके एक दुसराके प्रगती के शुभकामना अदान प्रदान करै है। नयाँ वरिस २०७४ साल के शुरुवात बैशाख १ गते शुक्रवार से शुरु भ रहल हे।

नव वरिस संगे नेपालके तराई भूभागमे रहैवाला मधेशी, थारु, दलित, जनजाती लगायतके समुदाय सव २०७४ साल बैशाख १ गते शक्रवार से सिरुवा पवनी शुरुवा करत आर यी पवनी कहल जायत बैशाख महिना भर चलत। यी पवनी मे वितलका वरिसमे साथी भाई आर साथी संगीनी आर आसपडोस के पडोसी से भेल झगडा ईष्या के विसैर के आपसी सदभावके संन्देश लक नयां उमग के साथ अपन अपन इष्ट, मित्र, कुटुम्व जन सवके अपन घरमे वोलाके नव वरिस के शुभकामना दैत नवका नवका परिकार के भोजन सेहो खुवावै के चलन है। खास करके बैशाख १ गते से गर्मी बढैके कारण वाल बच्चाके ठण्डा हुवैल माथामे वासी ठण्डा पानी द हे। और ठण्डा रहैके लेल चैत मे पकावल भोजन बैशाखमे वासी खाय के चलन सेहो है। खास करके खानामे सोहजन, पटुवा सांग, माछ, मास, पुवा गुलगुला, लगायतके पकवान खायके चलन है।

सिरुवा पवनीमे ग्राम देवताके सेहो पुजा पाठ करल जाय है। ग्राम देवताके स्थानमे सम्पुर्ण गाउं समुदाय मिलके पुजा पाठ के व्यवस्था करल जाय है। ओर ग्राम देवताके स्थान पर कागज के घोडा, फलफूल, मिठाई, परेवा, हांस, केरा, चामल, पाठा, सुन, चांदी सेहो चढावै के प्रचलन है। ग्राम देवताके पुजापाठ से कृषि वालीके संरक्षण, बालीमे बृद्धि, समाजमे शान्ति सुव्यवस्था कायम रहैके कारण सिरुवा पवनी हर्ष उल्लास आर धुम धाम से मनावल जाय हे।

बैशाख १ गते से शुरु हुवै वाला सिरुवा पवनी महिना भैर अलग अलग गाउं मे अलग अलग दिन ग्राम देवता स्थामे पुजा करके मेला लागैवाल सेहो चलन है। मोरंग के सन्दर्भमे कहल जाय त बैशाख १ गते भेरुवा थान डाईनिया शुरु भेल ग्राम देवताके पुजा, गोविन्दपुर के  सुनवर्सी, बटरा थान झूर्किया, राजा धनपान कदमाह, काटा थान अमरदह, गजाधर थान गोविन्दपुर, रनकाली थान दादर वैरिया, सोनापुर थान बरंडगा, पटिया पडा थान गोविन्द पुर, झुमका थान हरक पुर, दलेली थान केरौन, काली थान बाहुनी लगायत के स्थानमे बृहत जन जनसहभागीता के साथ मनावल जाय है आर यी मेला सव मे अपन अपन वेटा वेटीके लेल दुलहा कनिया सेहो देखल जाय है।

दोसर प्रसंग मे कहल जाय त विक्रम सम्वत के शूरुवात के दिन सिरहाके फुलवडियामे फुलैवाला सलहेस फूल एक दिन बैशाख १ गते सेहो मालाके रुप मे फलै है। एकरो सिरुवा पवनीके प्रतिकके रुपमा मानल जाय है। यी फूल देखैल भारत  आर नेपालके लोग सवके बृहत जनसहभागीता रह है।

# समाजमा उदाहरणीय काम गर्दै : शर्मा



विराटनगर। "सेवा नै धर्म हो" भन्ने अभिप्रायले फेसबुक पेज छिन्नमस्ता उज्यालो अभियानका संचालक मधेश प्रदेश छिन्नमस्ता गाउँपालिका निवासी राहुल शर्माले दर्जनौ गरीब, विपन्न र असाहयलाई सहयोग गरी समाजमा उदाहरणीय काम गरि रहेका छन्।

शर्मा पेशाले इन्जिनियर भएपछि समाजिक काम अन्तर्गत दिन दु:खी, असाहयहरुको नाम उल्लेख गरी फेसबुक पेज मार्फत सहयोगको आह्वान गरी सो मार्फत संकलन भएको रकम संम्बन्धित व्यक्ति सम्म पुऱ्याउने काम गर्दै आएको छ।

हालै मधेश प्रदेश जिल्ला सप्तरी छिन्नमस्ता गाउँपालिका वडा-३ गोविन्दपुर निवासी विलेती सदा विदेशमा खुट्टा गुमाई स्वदेश फर्केका थिए। सदा  विपन्न, गरीब भएको कारण उपचार गर्ने असमर्थ थिए। शर्माकै अगुवाईमा स्थानीय बासीन्दाहरुको सहयोगमा गजेन्द्र नारायण हस्पिटल राजविराजमा उपचार भई रहेको छ।

सदालाई नगद २१ हजार ८ सय ८७ रुपिया ९२ पैसा सहयोग रकम संकलन गरी हस्तान्तरण गरिएको छ भने उनको उपचारको लागि लाग्ने अरु खर्चको लागि सहयोगी हातहरुको खोजीमा छन्। सहयोग गर्ने महानुभावले छिन्नमस्ता उज्यालो अभियान पेजमा गएर इ-सेवा वा खाता नं. स्केन गरी बैक मार्फत सहयोग गर्न ई. शर्माले आह्वान समेत गरेका छन्।

यस अघि क्यान्सर पीडित फुलोदेवी मुखिया लगायत दर्जनौ विरामीको उपचारका लागि सहयोग जुटाउँदै आएका छन्। ई. शर्माले आफूले सानो पहलकदमी लिँदा सहयोग जुट्ने भएकाले सेवा नै धर्म हो भनी ठानेर गरीब, दु:खी, विरामीहरुलाई विद्यार्थी काल देखि नै सामाजक कार्य संचालन गर्दै आएको ई. शर्माले वताए।


हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

देव किशन मुन्दडा
देवनारा ग्रुप परिवार

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

टिका पुरी (प्रमुख)
एभरेष्ट सेकेण्डरी स्कुल परिवार

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

राजेन्द्र राउत
राउत कन्स्ट्रक्सन परिवार, विराटनगर

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

पवन सारडा
उद्योगी, व्यवसायी

## आधुनिक...

शासन प्रणाली त आयो तर आजका दिनसम्म जापानका-मैजी, कोरियाका-पार्क, सिंगापुरका-ली तथा मलेसियाका-महाथिर जस्तो समयको गति र चुनौतीलाई सामना गर्दै आधुनिक देश निर्माणको नेतृत्व गर्न सक्ने ल्याकत भएको योग्य भूमिपुत्रहरू निस्किएनन् ।

अहिले हामी कहाँ छौं ?

माथि उल्लिखित विभिन्न देशहरूले आधुनिक विकासको जग हालिरहँदा हाम्रो देशले किमतीवाला दिनहरू कुवाभित्र लेफ्ट-राइट गर्दै खेर फाल्यो। दोस्रो विश्व युद्धको अन्त्यसँगै विश्व राजनीति, आर्थिक विकासको महाअभियान माहोलमा क्षेत्रीय गठबन्धनको साझेदार र गैर-सरकारी सहयोगको संजालको युगमा प्रवेश गऱ्यो तर नेतृत्वले अवसरलाई सदुपयोग गर्न सकेन ।

विज्ञानको भाषामा भन्दा देशको राजनीतिक नीति र नेतृत्वको बलले आधुनिक आर्थिक दूरी पार गरेन । जसले कार्य परिणाम शून्य प्राय : बनायो । देशको कुनै खास सामर्थ्य विकास हुन सकेन । यसले देश जीवनमा दुई कमजोरी प्रतिविम्बित गर्छ । पहिलो, राजनीति, सुशासन तथा आर्थिक नीति परिपूरक नहुनु। दोस्रो, देशले आर्थिक उडानलाई गतिशील बनाउन देशको नेतृत्वको दूरदृष्टि गुरुत्वबल कमजोर हुनु । मुख्यत: देशले समृद्धिमा उडानका बाधाहरूको जमिनी समाधानका रेसाहरू केलाउन सक्ने रचनात्मक नेतृत्वको खडेरी परेको छ ।

अबका दिनमा आधुनिक विश्व नजिकबाट बुझेको नयाँ पुस्ताले यावत् चुनौतीलाई चिरेर सबै सम्भावनाहरूलाई देशको जमिनमा स्थापित गर्ने अभियानको नेतृत्व गर्ने बेला आएको छ ।

नेपालको प्रगति मापनका अन्तर्राष्ट्रिय सूचकहरूमा दशकौंदेखि भुमरीमा फसेको देख्न सकिन्छ । नेताहरूले अक्सर वि.सं. २००७ देखिको होस् या पंचायत काल र २०४७ सालयताको देशको शिक्षा, स्वास्थ्य, यातायात संजाल, आर्थिक तथा सामाजिक क्षेत्रका तथ्यको तुलना गर्दै प्रगतिका सूचकांकहरूको सुधार भएको दाबी गरेको पाइन्छ । हिजोभन्दा देश विकासका हरेक सूचकांकहरूमा प्रगति भएको सत्य हो तर यो प्रगति राज्यको भन्दा पनि विकास समयको वहाब र नागरिकको निजी प्रयासबाट भएको हो ।

अहिले हुँदै गरेको प्रगतिको तथ्यांकको वृद्धि एक स्वस्थ बालकको उमेरजन्य हुर्काइ जस्तो मात्रै हो । देशको नीति र नेतृत्वले ल्याएको विकास भनेको माथि उल्लेख गरिएका मलेसिया, सिंगापुर, कोरिया र जापान जस्ता देशहरूको कुनै एक कालखण्डमा जस्तो हुनुपर्छ । जहाँ आफ्नै दरिलो आधार सहित ज्यामितीय अनुपातको आर्थिक वृद्धिसँगै देश जीवनका हरेक सूचकांकहरूले छोटो समयमा विश्व गुणस्तरको उचाइमा छलाङ मार्छन् ।

हाम्रो देशमा भने वि.सं. १९०३, २००७, २०१७, २०४७ र २०६३ मा भएका मुख्य राजनीतिक घटनापछि उदाएका तत्कालीन नेतृत्वले आफ्नो कार्यकालमा विश्व विकासको प्रवाहलाई समेट्ने कुनै उल्लेख्य काम गरेनन्, जसले देशको आर्थिक विकासमा छलाङ हान्न सकेको होस् ।

जतिसुकै तथ्यांक खेलाएर विगत र वर्तमानको तुलना गरे पनि आजको जमिनी सत्य भनेको नेपाल दक्षिणएशियाको सबैभन्दा गरिब र विश्वको १९६ देशहरूमा १७औं गरिब देश हो । प्रतिव्यक्ति आय, बाँच्ने आयु, साक्षरता, आधुनिक सुविधामा आम पहुँच बढे पनि त्यसमा राज्यको नेतृत्वमा खडे बाबाभन्दा अलिकति बढी ठूलो भूमिका मात्रै छ ।

दशकौंदेखि विकसित देश तथा गैर-सरकारी संस्थाहरूले दिएको आर्थिक सहयोग र अनुदानको सही ठाउँमा सही तरिकाले सदुपयोग भएको हुन्थ्यो भने अहिले बामे सरिरहेका मानव संसाधनका परिसूचकहरूले भ्यागुते फड्को मारिरहेका हुन्थे । तर आजका दिनसम्म पनि देशको ढुकुटी लाहुरे विरासतले निरन्तर भरिरहेको छ । देशको जीडीपीको एक चौथाइ विप्रेषणले ओगटेको छ । यसलाई घटाउने हुटहुटी सहितको ठोस योजना देखिंदैन ।

देशको शिक्षा, सुशासन तथा आर्थिक गतिविधिहरूको चुस्तता दयालाग्दो छ । ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई)ले वार्षिक निकाल्ने १८० देशहरू सूचीकृत भएको सुशासनको इन्डेक्समा पछिल्लो रिपोर्ट (२०२३) मा ३५/१०० अंकसहित ११० औं स्थानमा रहेको छ । जबकि सन् २०१२ मा २७/१०० अंक पाएको थियो । दशकौंदेखिको भ्रष्टाचारको रातो बत्ती नियन्त्रणको ठोस पहल हुनसकेको छैन ।

दु:खको कुरा इतिहासमा तत्कालीन शासकले विश्व विकासको गतिमा देशलाई हिंडाउन चुके जस्तै गणतन्त्र नेपालको नेतृत्वहरू पनि पुरानै गल्ती दोहोऱ्याउँदै छन्। अरुले गरेका विकास र समृद्धि कर्महरूका पाठक मात्र भएका छौं । देशको माटोसँग जोडिएको शैक्षिक नीति, विज्ञान तथा सूचना-प्रविधिसँग जोडिएको जनशक्ति, पर्यटन र औद्योगीकरणको जगमा उभिएको आर्थिक सबलता बनाउन चुकिरहेका छन् । नयाँ पुस्ताले असफल नेतृत्वको इतिहास दोहोऱ्याउने बाटोमा हिंडे देश पुन : अर्को भड्खालोमा पर्ने निश्चित छ ।

### आधुनिक विश्व नियालिरहेको नयाँ पुस्ता

नयाँ पुस्ताले आधुनिक विश्वको गतिशील समय नजिकबाट बुझेको मात्र होइन अनुभूति नै गरेको छ । नव युवाहरूले सूचना-प्रविधिले खुल्ला गरेको अथाह ज्ञानको सदुपयोग गर्दै सफ्टवेयरको क्षेत्रमा अभूतपूर्व सफलता हासिल गरिरहेका छन् । सूचना-प्रविधिको साम्राज्यले हाम्रो मस्तिष्कको कृत्रिम तथा भावनात्मक इन्जिनियरिङ गरेर आफू अनुकूल प्रयोग गरिरहेको छ ।

अब त झन् सूचना-प्रविधिको साम्राज्यबाट देश मात्र होइन नागरिकको सोच माथि नै दूर नियन्त्रण स्थापित गर्ने मोडमा विश्व आइपुगेको छ । जहाँ हामी स्वत: सामेल र समाहित हुँदै आएका छौं । तर हाम्रो जमिन भने निकै फरक छ ।

पहिलो विश्वले मंगल ग्रहमा पानी खोज्दै बस्ती बसाल्ने योजना बनाउँदैछ । हामी भने देशको राजधानीको पुरिएको नदी खोज्न र किनारको बस्ती/सडक व्यवस्थित गर्न सकिरहेका छैनौं ।

सय वर्ष अघि विश्व माहोल नबुझेर पछिपरेको नेपाल अहिले पनि किंकर्तव्यविमूढ नै छ । हामी युवाहरूलाई बेचेर सुनको थालमा प्वाल परी कुशासनका मतियारहरूलाई बोकी लेफ्ट-राइट गरिरहेका छौं । प्रकृति स्रोत-साधनको धनी देश भीरको चिन्डो जस्तो भएको छ । युएन, युएनडीपी, विश्व बैंक जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूमा दीक्षित संसार बुझेका विज्ञहरू समाधान केन्द्रित साधक भन्दा विकास अर्थशास्त्रका सूचना तथा तथ्यांकका प्रवक्ता भएका छन् । राज्य संयन्त्रले देशको जमिनी समस्या नियालेर समाधान निकाल्ने ल्याकत बनाउन सकेको देखिंदैन ।

देशको नेतृत्व सत्ता केन्द्रित राजनीतिमा भुलिरहँदा, भूमण्डलीकरणले दिएको विश्व विकास र पहुँचलाई नजिकबाट बुझेको नयाँ पुस्ता अधीर बनेको स्थिति छ । अरुले पुस्तौं कडा मिहिनेत गरेर हुर्काइदिएको बहुआयामिक कल्पवृक्षको बनिबनाउ संसारमा समाहित हुन चाहने बाध्यात्मक र खहरे मनोविज्ञानले उर्वर भूमि सदुपयोग विना नै बन्जर हुने सम्भावना छ । पूर्ण लोकतन्त्र त आयो तर राजतन्त्र र राणाकालमा गडेको वंश र परिवारवादले अहिलेका राजनीतिक दलमा निरन्तरता पाएको छ । यो कु-तन्त्रको निरन्तरताको क्रमभंगता अहिलेको प्रमुख चुनौती हो ।

योग्यता, क्षमता र दक्षताको आधारमा देशका विभिन्न क्षेत्रहरूमा अवसरको सुनिश्चितता हुनसकेको छैन । २१औं शताब्दीको मेरिट चेत हाम्रो जमिनमा स्थापित गर्न राज्य सचेत देखिंदैन । नयाँ पुस्ता राज्यले सृजना गरेको यस्ता समस्याहरूबाट वाक्कदिक्क भएको छ । पहिलो विश्वको श्रम बजारका हरेक क्षेत्रमा सहज पहुँच बनाउन सक्छ ।

पहिलो विश्वको त्यो माहोल बुझेको पुस्ताको सक्रिय हस्तक्षेपबाट नै आफ्नो जमिनमा ती अवसरहरूको सृजना सम्भव छ । विगतमा नयाँ-पुराना शासकहरूले अन्तर्राष्ट्रिय माहोल बुझेर आफ्नै माटोमा सम्भावनाहरूको बिरुवा हुर्काउन असफल भएकै हो । अबका दिनमा आधुनिक विश्व नजिकबाट बुझेको नयाँ पुस्ताले यावत् चुनौतीलाई चिरेर सबै सम्भावनाहरूलाई देशको जमिनमा स्थापित गर्ने अभियानको नेतृत्व गर्ने बेला आएको छ । (खड्का भौतिक विज्ञानका अनुसन्धानकर्ता हुन् ।)

अनलाईन खबरबाट


## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**


## प्रहरी चौकी रुपाटार उदयपुरको नव निर्मित भवन समुद्घाटन



विराटनगर । उदपुरको ताप्ली गाउँपालिका-५ स्थितमा रहेको प्रहरी चौकी रुपाटारको नव निर्मित भवनको समुदघाटन भएको छ ।

कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक चन्द्र कुवेर खापुङको प्रमुख आतिथ्यता तथा ताप्ली गाउँपालिकाका अध्यक्ष ढुङ्गराज बिश्वकर्माको अध्यक्षतामा नव निर्मित प्रहरी चौकीको समुदघाटन भएको हो ।

नव निर्मित भवनको समुद्घाटन तथा निरीक्षण पश्चात कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै प्रदेश प्रहरी प्रमुख खापुङले भवन निर्माण भए पश्चात आम नागरिकको सुरक्षामा अहोरात्र खटिने प्रहरी कर्मचारीको मनोवल बृद्धि हुनुका साथै आम नागरिकमा प्रदान हुने प्रहरी सेवा समेत स्तरिय हुने धारणा ब्यक्त गर्दै प्रहरीले कानूनको परिधिमा रही जन चाहना बमोजिमको प्रहरी सेवा प्रदान गर्नेमा आफु विश्वस्त रहेको कुरा जानकारी गराएका थिए ।

कार्यक्रममा प्रमुख अतिथि खापुङले नयाँ भवन निर्माण कार्यमा सहयोग गर्नु हुने महानुभावहरुलाई प्रशंसा पत्रले सम्मान समेत गर्नु भएको थियो । उक्त प्रहरी चौकी शान्ति तथा पुन निर्माण मन्त्रालय, शान्तिकोषको १ करोड ११ लाख १८ हजार ४ सय ४९ रुपैयाको लागतमा निर्माण सम्पन्न भएको हो ।

उदघाटन कार्यक्रममा उदयपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी हरि प्रसाद घिमिरे, जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरु तथा प्रहरी अधिकृतहरु, स्थानिय जनप्रतिनिधिहरु, बिभिन्न कार्यालय, संघ संस्थाका प्रमुख, स्थानिय समाजसेवी, बुद्धिजिवि तथा स्थानियवासीहरुको उपस्थिति रहेको थियो ।


## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नवीन रिजाल (अध्यक्ष)
मोरंग उद्योग व्यापार संघ, परिवार

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अरनिको अवाशीय सकेन्डरी स्कुल
परिवार, तीनटोलिया, विराटनगर